# पशुपन्छी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना:

ढोरपाटन नगरपालिका नेपालमा पाइने दुई प्रकारका समशितोष्ण र शितोष्ण हावापानीयुक्त उर्वरभूमि भएको कृषि प्रधान पालिका हो। यहाँका कृषकहरुलाई स्थानीय तथा उन्नत जातका पशुपन्छीहरु पालन गराई आधुनिक प्रविधिले सुसज्जित गर्न सकेमा पालिकाबाट भइरहेको विद्यमान कृषक पलायनलाई रोकी थप रोजगार सृजना गर्न सकिन्छ।
वर्तमान अवस्थालाई मध्यनजर गर्दै ढोरपाटन नगरपालिकाको पशुपन्छी पालन विकास गरी कृषिमा आत्मनिर्भर गर्न कामका लागि एवं पलायन हुने जनशक्तिलाई कृषि पेशातर्फ उत्प्रेरित गराई आर्थिक विकास तथा रोजगारी सिर्जना गर्ने नगरपालिकाको नीति र वर्तमान अवस्थालाई दृष्टिगत गरी पशुपन्छी उत्पादन बढाउन, पशुपालन कार्यमा उत्प्रेरणा बढाउन कृषकहरुलाई उत्पादनका आधारमा प्रोत्साहन गर्ने उद्धेश्य आ.व. २०८१/८२ को बजेट, नीति तथा कार्यक्रम लागू गरी ढोरपाटन नगरपालिकाको कृषि तथा पशु व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को दफा ३६ दिएको अधिकार प्रयोग गरी ढोरपाटन नगरपालिका नगर नगरकार्यपालिकाको मिति २०८१/०६/१६ गते बसेको बैठकबाट यो कार्यविधि तयार गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस कार्यविधिको नाम ' पशुपन्छी प्रोत्साहन सम्बन्धी कार्यविधि २०८१' रहेको छ।

१.२ यो कार्यविधिको नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा:

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) 'कार्यविधि' भन्नाले 'पशुपन्छी प्रोत्साहन सम्बन्धी कार्यविधि २०८१' भन्ने बुझ्नु पर्छ।

ख) 'कार्यपालिका' भन्नाले ढोरपाटन नगरपालिकाको नगर कार्यपालिका बुझ्नुपर्दछ।

ग) 'कृषक' भन्नाले यस नगरपालिका क्षेत्रभित्र आफ्नो वा अन्य व्यक्तिको जग्गामा खेती किसानी गरी कृषिजन्य उत्पादन तथा पशुपन्छी पालन गर्ने व्यक्ति /फर्म/समूह/सहकारी बुझ्नु पर्दछ।

घ) 'समिति' भन्नाले यस नगरपालिकामा गठित विभिन्न समिति तथा यस कार्यविधिमा उल्लेखित समितिहरु बुझ्नुपर्दछ।

ङ) 'परिवार' भन्नाले एकाघरको वंशज छोराछोरी विवाह भई नछुट्टिएको एउटै खेतीमा आश्रित हुने परिवार बुझ्नु पर्दछ।

३. उद्देश्यः यो कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम हुनेछ।

क) ढोरपाटन नगरपालिका अन्तर्गत ९ वटा वडाहरुमा पशुपन्छी पालन गरी पशुपन्छी जन्य वस्तु उत्पादनमा वृद्धि गर्ने।

ख) मासु तथा खाद्यान्न उत्पादन बढाई खाद्यन्न आपुर्तिको सुनिश्चतता गर्ने।

ग) पशुपन्छी पेशालाई व्यावसायिक तथा आयआर्जनमूलक बनाउने।

घ) कृषि तथा पशुपन्छी पालन पेशालाई सम्मानित पेशामा रुपान्तरण गर्ने।

ङ) कृषकहरु पशुपालन पेशाप्रति आकर्षित गर्ने।

च) रोजगारीको अवसर सिर्जना गर्ने।

छ) पशुपन्छी जन्य उत्पादनको आयातलाई न्युनिकरण गरी निर्यातमुखी बनाउने।

ज) व्यवसायिक कृषकहरुलाई कृषि उत्पादनसँग सम्बन्धित औजारमा अनुदान प्रविधियुक्त कृषि व्यवसायमा उन्मुख गराउने।

झ) पशुजन्य उत्पादन क्षेत्रमा कृषक प्रोत्साहनमुखी कार्यक्रम सञ्चालन गर्ने।

ञ) पशुपन्छी जन्य उत्पादनहरुको बजार प्रबन्ध, प्रवर्द्धन तथा व्यवस्थापन गर्ने।

ट) उत्पादित पशुपन्छी उपजहरुको भण्डारण संरक्षण तथा प्रशोधनको लागि व्यवस्था मिलाउन कृषकहरुलाई प्रेरित गर्ने।

४. सीमाः

(क) यो नगरपालिका मा आर्थिक वर्ष २०८१/०८२ बाट लागू भई अर्को व्यवस्था नहुन्जेलसम्मका लागि मान्य हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

५. पुरस्कारको मापदण्डः

५. १ यस कार्यविधि अनुसार तपसिलमा उल्लेखित कृषि तथा पशुपन्छीहरु उत्पादन गर्ने परिवारले तपशिल उल्लेख भए बमोजिमको पुरस्कार तथा प्रोत्साहन स्वरुप प्रदान गरिनेछ।

| क्र.स. | बाली तथा पशुपन्छी विवरण | उत्पादन परिमाण | प्रोत्साहन राशी | कैफियत |
|---|---|---|---|---|
| १. | बाख्रा | २५ माउ | १ लाख | |
| २. | बंगुर | ५ माउ | १ लाख | |
| ३. | गोरु | १ हल (२ वटा) | १० हजार | |
| ४. | भेडा | २५ माउ | १ लाख | |

५.२ उपदफा ५.१ मा जुनसुकै कुरा लेखिएता पनि समय सापेक्ष अन्य कृषि उत्पादनलाई पनि प्रोत्साहन गर्दै लगिनेछ।

६. पुरस्कार/प्रोत्साहन प्राप्त गर्न योग्य कृषक छनौटका मापदण्डहरुः

(क) पुरस्कारको मापदण्डमा तोकिएको उत्पदान एक संङ्गोल परिवारले गरेको हुनु पर्ने छ।

(ख) जग्गा आफ्नो वा अरु कसैको नाममा दर्ता भएको भए पनि फरक पर्ने छैन।

(ग) कामदर राखी उत्पादन गरेको हुन नहुने तर समय समयमा खेताला लगाएको भए बाधा पर्ने छैन।

(घ) कृषक ढोरपाटन नगरपालिका को स्थायी बासिन्दा हुनु पर्ने वा पशुपन्छी पालन ढोरपाटन नगरपालिका भित्र गरेको हुनु पर्नेछ।

(ङ) कृषि उपजको मूल्याङ्कन अनुगमन नगरपालिका ले तोकेको समयमा तोकेको समितिबाट हुनेछ।

(च) निरन्तर प्रोत्साहन पाउनका लागि सहभागिले कृषकले तोकिएको बाली वा पशुपन्छी पालन प्रतिबर्ष थप १० प्रतिशतले उत्पादन वृद्धि गर्दै लैजानु पर्नेछ।

७. पुरस्कार प्राप्त गर्ने योग्य कृषक छनौटको प्रकृया:

पुरस्कार प्राप्त गर्न योग्य कृषक छनौटका लागि तपशिलका प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछ।

क) यस कार्यविधिको दफा ९.१ बमोजिमको नगरपालिका स्तरीय अनुगमन समिति / प्राविधिक समितिको अनुगमन प्रतिवेदन।

८. बजेट निकासा तथा खर्च प्रकृया:

क) ढोरपाटन नगरपालिकाको गाउँ सभाद्धारा बजेटको व्यवस्था गरिने छ।

ख) प्रोत्साहन प्राप्त गर्न योग्य कृषकहरुलाई पाउने रकम सिधै उनीहरुको बैंक खातामा रकम उपलब्ध गराईनेछ।

९. अनुगमन तथा मूल्याङ्कनः

९. १ यस ढोरपाटन नगरपालिका भित्रका पुरस्कृत हुने कृषकहरु मापदण्ड अन्तर्गत भए नभएको अनुगमन नगरपालिका स्तरीय अनुगमन समिति वा प्राविधिक समितिले गर्नेछ।

प्राविधिक समिति यसप्रकार रहनेछः

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

२. कृषि विकास शाखा प्रमुख - सदस्य

३. सम्बन्धित शाखाको शाखा प्रमुख -सदस्य सचिव

१०. कार्यक्रम सञ्चालन प्रक्रिया, प्राविधिक मूल्याङ्कन जाँचपास र फरफारकः

१. यस कार्यविधि बमोजिम लाभग्राहीको रुपमा छनौट हुन चाहने किसानहरुले कार्यालयको निवेदन माग गरे बमोजिमको निवेदन पेश गर्नुपर्ने छ।

२. उपदफा १ बमोजिम निवेदन प्राप्त भईसकेपछि प्राविधिक समिति / अनुगमन समितिले स्थलगत अनुगमन गरी कृषकले प्राप्त गर्ने रकम स्पष्ट खुल्ने गरी अनुसूचि ३ बमोजिमको अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ।

३. प्राविधिक समितिको प्रतिवेदनको आधारमा लाभग्राहीले पाउने रकम सम्बन्धित कृषकको बैंक खाता मार्फत भक्तानी गरिने छ।

४. प्रोत्साहन/ पुरस्कृत हुन कृषक यस नगरपालिकामा दर्ता/सूचिकृत नभए पनि प्रोत्साहित वा पुरस्कृत गरिने छ।

५. भुक्तानीको लागि यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

११. कसुर गरेको ठहरिने:

११.१ पुरस्कार प्राप्त गर्ने प्रक्रियामा कृषकहरुले निम्न अनुसारको कार्य गरेमा कसुर गरेको ठहर गरिने छ।

क) छुट्टिसकेको विवाहित छोरा वा छोरी ( अंशबण्डा भईसकेको) हेरुलाई एकै संगोलको परिवार भनि झुटा विवरण पेश गरेको ठहर भएमा

ख) अन्य व्यक्तिहरको उत्पादनलाई आफ्नो (खरिद गरी) दाबी गरी प्रोत्साहन दाबी गरेमा।

ग) कार्यविधिमा उल्लिखित मापदण्ड पुर्याउन नाता गोता छरछिमेकको उत्पादन वा पशुपन्छी संगोल गरी प्रोत्साहन दाबी गरेमा।

घ) मापदण्ड विपरीत प्रलोभनमा परी कुनै व्यक्ती वा संस्थालाई प्रोत्साहनको लागि सिफारिस गरे वा गराएमा।

१२. दण्ड तथा सजाय:

१२.१ दफा ११ बमोजिम कसूर ठहर गरेको प्रमाणित भएमा निजहरुलाई निम्न अनुसार सजाय गरिने छ।

क) दफा ११.१ (क) बमोजिमको कसूर ठहर भएमा रु. २५००० जरिमाना गरिने छ।

ख) ११.१ (ख) बमोजिमको कसुर ठहर भएमा रु. ५०००० जरिमाना गरिने छ।

ग) दफा ११.१ (ग) बमोजिमको कसूर ठहर भएमा रु. २५००० जरिमाना गरिने छ।

घ) दफा ११.१ (घ) बमोजिमको कसूर ठहर भएमा रु. २५००० जरिमाना गरिने छ।

ङ) उपदफा १२.१ मा जुनसकै कुरा लेखिएतापनि कसूरदार व्यक्तिबाट प्रोत्साहन बापत बुझिलिएको कम नगद वा जिन्सी असुल उपर गरी तोकिएको सजाय गरिने छ। यस सम्बन्धी निर्णय नगर कार्यपालिकाको बैठकले गर्ने छ।

१३. दोहोरोपन हुन नहुने:

१. सोही कार्यक्रम विस्तारको लागि नगरपालिका वा अन्य किनै सरकारी निकायबाट अनुदान प्राप्त लाभग्राहीलाई यो कार्यक्रममा समावेश गरिने छैन।

२. नेपाल सरकारबाट सामाजिक सुरक्षाबाहेक अन्य सुविधा उपभोग गरिरहेका लाभग्राहीलाई पनि यो कार्यक्रम समावेश गरिने छैन।

३. समावेश भईरहेका लाभग्राहीलाई पुनः सोहि कार्यक्रममा समावेश गरिने छैन।

१४. कार्यविधिको संशोधन:

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक परेमा नगर कार्यापालिको बैठकले आवश्यक संशोधन गर्ने छ।

१५. बचाउ र खारेजी:

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सञ्चालन ऐन २०७४ तथा नेपालको प्रचलित कानुनसँग बाझिएको खण्डमा स्वतः खारेज हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

आवेदन ढाँचा

मिति:

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ ।

विषयः प्रोत्साहन कार्यक्रममा सहभागी गराईदिनु हुन ।

प्रस्तुत विषयमा ढोरपाटन नगरपालिका , नगरकार्यपालिकाको कार्यालयबाट आ.व. २०८१/०८२ मा वितरण गरिने पशुन्छीहरुमा आत्मनिर्भर प्रोत्साहन कार्यक्रम.............................. कार्यविधिमा तोके बमोजिम मैले ................... उत्पादन /पालन गरिरहेको हुनाले सो कार्यक्रममा समावेश गरिदनु हुन हार्दिक अनुरोध गर्दछु ।

निवेदन :
नाम :
ठेगाना :
सम्पर्क नंम्बर:

प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि - २

अनुगमन

मिति:

कृषकको नाम :

ठेगाना :

| क्र.स. | विवरण | उत्पादन | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

जम्मा उत्पादन अनुसार भुक्तानी दिनु पर्ने रकम रु..................

अनुगमन/प्राविधिक समितिका पदाधिकारी

नाम : हस्ताक्षर

१.

२.

३.

४.

५.

आज्ञाले

चिरन्जिवि घिमिरे

प्रमुख प्रशासकीय अधिकृत